प्रदेश सरकार
# वन वातावरण तथा भू संरक्षण मन्त्रालय
## वन निर्देशनालय
# डिभिजन वन कार्यालय
पर्वत, कुश्मा
गण्डकी प्रदेश, नेपाल

प.सं.२०७९/०८०

मिति २०७९।०६।३०

**विषय : आ.व. २०७९/०८० को वार्षिक कार्यक्रम सम्बन्धि विस्तृत सूचना ।**

प्रस्तुत विषयमा यस कार्यालयको चालु आ.व. २०७९/०८० को तपसिल वमोजिमको कार्यक्रमहरु सामुदायिक वन उपभोक्ता समुह, कवुलियती वन उपभोक्ता समुह, संघ/संस्था/सहकारी तथा निजी व्यक्तिहरु मार्फत सञ्चालन गर्नु पर्ने हुँदा तपसिलको वमोजिमका कार्यक्रम सञ्चालन गर्न ईच्छुक व्यक्ति/समुह/संघ/संस्था तथा सहकारीले तपसिलका कागजातहरु संलग्न राखी सम्वन्धित सव-डिभिजन वन कार्यालयहरुको सिफारिस सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा यस कार्यालयमा कार्यक्रमको आर्थिक तथा प्राविधिक प्रस्तावना सहितको आवेदन दिन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ। तपसिल वमोजिमको कार्यक्रम कार्यान्वयन गर्दा गण्डकी प्रदेश सरकारद्वारा जारी **प्रदेशहरुवाट संचालन गरिने सशर्त अनुदानका कार्यक्रमहरुको कार्यान्वयन कार्यविधी २०७९ , पर्वत जिल्लाको आ.व. २०७९।०८० को दररेट** बमोजिम कार्यक्रम कार्यान्वयन गरिने छ। यस सम्बन्धमा थप जानकारीको लागि यस कार्यालय तथा सम्वन्धित सब-डिभिजन वन कार्यालयहरुमा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

<u>तपसिल</u>

| क्र.सं | कार्यक्रम/क्रियाकलापको नाम | ईकाइ | वार्षिक लक्ष्य | | कैफियत |
|---|---|---|---|---|---|
| | | | परिमाण | बजेट रु. लाखमा | |
| १ | एक सामुदायिक वन एक पोखरी निर्माण | पटक | ८ | ८ | प्रदेश |
| २ | पहिरो ग्रस्त क्षेत्र। खोला किनारा बृहत बाँस रोपण कार्यक्रम | प्याकेज | १ | ३ | प्रदेश |
| ३ | वर पिपल संरक्षण, मर्मत तथा सौन्दर्यकरण | पटक | २ | २ | प्रदेश |
| | **जम्मा बजेट** | | | १३ | |

**संलग्न राख्नुपर्ने कागजातहरु**

१. उक्त कार्यक्रम सञ्चालन गर्न ईच्छुक वन उपभोक्ता समुह (सामुदायिक तथा कबुलियति) ले निर्णयको प्रतिलिपी, कार्यक्रमको संक्षिप्त आर्थिक तथा व्यवसायीक प्रस्तावनाका साथ निवेदन, संस्था दर्ता प्रमाणपत्र, नविकरण प्रमाण पत्र र अन्य कर तिरेको पत्रहरु समावेश गरी सम्वन्धित सव-डिभिजन वन कार्यालय तथा वडा कार्यालयको को राय सहितको सिफारिस पत्र ।

२. कार्यक्रम सञ्चालन सम्बन्धि सम्वन्धित ईच्छुक वन उपभोक्ता समुह (सामुदायिक तथा कबुलियति) ले प्रस्ताव (परिचय, के, कहाँ, कहिले, किन,कसरी तथा अनुमानित वजेट, लाभान्वित जनसंख्या, अपेक्षित प्रतिफल आदि ) पेश गर्नुपर्ने ।

३. स्थलगत अनुगमन गर्दा सम्भाव्यता बोकेको क्षेत्र, साझेदारी गर्न ईच्छुक व्यक्ति, वन उपभोक्ता समुह तथा संस्था भएको हुनुपर्ने र विगत आ.व.मा उक्त कार्यक्रम प्राप्त नगरेका वन समुहलाई प्राथमिकता प्रदान गरिने छ ।

***नोट : उपरोक्त सम्पूर्ण कार्यक्रमहरु संचालन गरिने समुहहरु अतिक्रमण नभएको, वन फँडानीमा संलग्न नरहेको, सक्रिय जनसहभागिता भएको, साझेदारी रुपमा कार्यक्रम सञ्चालन गर्न ईच्छुक रहेको समुह हुनु पर्नेछ ।***

विस्तृत जानकारीको लागि : डिभिजन वन कार्यालय, पर्वतको फोन नं ०६७ ४२०१३५ मा सम्पर्क गर्न सकिनेछ ।